# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ न प्रदेश, नेपाल

प.स : २०७९/०८०
च.न : १६५

मिति :- २०७९/०४/१८

**अर्जुनधारा नगरपालिका क्षेत्र भएर बग्ने विरिङ नदी (प्याकेज न. १) तथा टाङटिङ नदी र सो मा मिसिने नदीहरु (प्याकेज न.२) बाट नदिजन्य सामाग्री ढुङ्गा, गिट्टी, बालुवा, भरौट आदि संकलनको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्य गर्ने बारे सार्वजनिक सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०७९/०४/१८

१ न. प्रदेश, झापा अर्जुनधारा नगरपालिकाद्धारा यस नगर क्षेत्र भएर बग्ने विरिङ नदी (प्याकेज न. १) तथा टाङटिङ नदी र सो मा मिसिने नदीहरु (प्याकेज न.२) बाट नदिजन्य सामाग्री ढुङ्गा, गिटी, बालुवा र भरौट संकलन गर्ने कार्यलाई व्यवस्थित गर्न वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ को नियम ७(५) अनुसार प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्न लागिएको हो ।

| क्र.स | खोलाको नाम | प्रभावित वडा न. | कैफियत |
|---|---|---|---|
| १ | विरिङ नदी (प्याकेज न. १) | वडा न. १, ७, ८, ४, ५ | |
| २ | टाङटिङ नदी र सो मा मिसिने नदीहरु (प्याकेज न.२) | वडा न. १, २, ३, ४, ५ | |

प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने क्रममा नियम ७ को उपनियम २ बमोजिम सो प्रस्ताव कार्यान्वयन गर्दा प्रस्ताव क्षेत्रको भौतिक, जैविक, सामाजिक, सांस्कृतिक, वातावरणीय र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पार्दछ भी यकिन गर्न सो स्थानको वडा तथा त्यस क्षेत्रको विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझाव पठाउने ठेगाना :-**
अर्जुनधारा नगरपालिकाको कार्यालय
१ न. प्रदेश, शनिश्चरे, झापा
इमेल :-arjundharamun@gmail.com

गीताकुमारी राई
प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखा :- वेवसाइटमा राखिदिनुहुन साथै सम्बन्धित वडा कार्यालयहरुमा जानकारी पठाईदिनुहुन ।